## बैठक नं. १६

आज मिति २०७९ फागुन १४ गते आइतबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा १६ औ कार्यपालिका बैठक बस्यो ।

<u>उपस्थिती</u>

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण बहादुर के.सी | सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | |
| ७ | श्री गिर वहादुर थापा क्षेत्री | सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९ | श्री मिन बहादुर सोती | सदस्य | |
| १० | श्री भुमिसरा आले | सदस्य | |
| ११ | श्री नुन प्रसाद वाचे | सदस्य | |
| १२ | श्री बलिराम सापकोटा | सदस्य | |
| १३ | श्री रेप्ती कुमार घर्ति | सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५ | श्री एकदेव पौडेल | सदस्य | |
| १६ | श्री गोपाल थापा | सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८ | श्री केशव राज गौतम | सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | |
| २२ | श्री फुल माया वि.क | सदस्य | |
| २३ | श्री पार्वती कंडेल | सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछाने) | सदस्य | |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | |
| २६ | श्री जय वहादुर वि.क | सदस्य | |
| २७ | श्री गिता देवी बोटे | सदस्य | |
| २८ | श्री मोहन प्रसाद मरासिनी | सदस्य सचिव | |

Scanned with CamScanner

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
देवचुली, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

हरिप्रसाद क्योपाने
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

**१६ औ कार्यपालिका बैठकको छलफलका विषय/बैठक मिति २०७९ फागुन १४ गते**

१। फोहरमैला व्यवस्थापनका लागि जग्गा व्यवस्थापन गर्ने सम्बन्धमा,

२। सुरक्षित आवास अन्तर्गत घर निर्माण गरिदिने बारे,

३। मगर दिवसको अवसरमा सार्वजनिक विदा दिने सम्बन्धमा,

४। विविध

देवचुली नगरपालिकाको सोह्रौ कार्यपालिका बैठकबाट देहायका निर्णयहरु सर्बसम्मत रुपमा गरियो ।

१। पन्ध्रौं नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा गरी कार्यान्वियन हुन बाँकी निर्णयहरु तत्काल कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने ।

२। देवचुली नगरपालिकाको फोहोरमैलालाई वैज्ञानिक र दीगो हिसाबले व्यवस्थापन गरी फोहोरबाट जैविक मल लगायत अन्य वस्तुहरु उत्पादन गर्न सकिने गरी फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गर्न देवचुली नगरपालिका वडा नम्बर ६ स्थित मृत्युञ्जको सार्वजनिक जग्गा उपयोगमा ल्याउने निर्णय गरियो ।

३। प्रस्तावित फोहरमैला केन्द्र निर्माण स्थलमा रहेका ढुङ्गाहरु मुल्याङ्कन गरी नियमानुसार लिलाम विक्री गर्ने ।

४। फोहोरमैला केन्द्र निर्माणका काम अगाडी बढाउने सन्दर्भमा वातावरणीय परीक्षण (IEE) र विस्तृत परियोजना प्रतिवेदन तयार पार्ने कार्यका लागि प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने ।

५। फोहोरमैला व्यवस्थापन केन्द्र निर्माणका लागि प्रस्ताव गरिएको जगाको छेवैमा बसोबास गरिरहेका एक घर परिवारका लागि सुरक्षित आवास कार्यक्रमको रकमबाट एउटा घर निर्माण गरिदिने ।

६। ४१ औं मगर दिवसको अवसरमा मिति २०७९/११/१५ गते सोमबारका दिन देवचुली नगरपालिका भरी सार्वजनिक बिदा दिने । साथै मगर दिवसको उपलक्षमा सम्पूर्ण मगर समुदायलाई सुभकामना दिने ।

७। छाडा छाडिएका गाइबस्तुका कारण देवचुली नगरपालिका भित्रका किसानहरुले लगाएको बालीनालीमा ठुलो नोक्सानी पुर्‍याइरहेकोले त्यस्ता छाडा गाइबस्तुलाई नियन्त्रण गर्न नगरपालिका वडा नं १० मा रहेको खाली चौरमा तत्काल तारवार गरी अस्थायी रुपमा व्यवस्थापन गर्न र नियन्त्रणमा लिइएका गाइवस्तुलाई घास/परालको व्यवस्थापन समेत गर्न गत बर्षको मौज्दात शिर्षकबाट रु. ५ लाख विनियोजन गर्ने ।

८। नगरपालिकाको नियन्त्रणमा रहेका छाडा गाइबस्तु कसैले पाल्ने उद्येश्येले लैजान चाहेमा पशुबस्तुको स्वास्थ्य अवस्था र उमेर हेरी वडा कार्यालयले निश्चित रकम राजश्व लिई लैजान अनुमति दिन सक्ने ।

९। देबचुली नगरपालिका वडा नं. ३ स्थित दुम्कौली प्राथमिक स्वास्थ्य केन्द्रलाई नगर अस्पतालको रुपमा विकास गर्ने गरी नगरसभाबाट अस्पताल व्यवस्थापन तथा संचालन कार्यविधि समेत स्वीकृत भई सकेको हुनाले सो अस्पतालको नाम "देबचुली नगर अस्पताल" नामाकरण गर्ने ।

हरिप्रसाद क्योपाने
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner